# प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन-२०७९

## दैनिक अनुगमन प्रतिवेदन

### २०७९ कात्तिक ३० गते

प्रतिनिधि र प्रदेश सभा र प्रदेश सभाको निर्वाचन आउन अब चार दिन बाँकी छ । निर्वाचनको मिति नजिकिँदै गर्दा दार्चुला, गोरखा, चितवनलगयतका जिल्लामा निर्वाचन प्रचार प्रसारमा संलग्न कार्यकर्ता तथा सवारी साधनमाथि आक्रमण भएका घटना अभिलेख भएका छन् । यसैगरी आचार संहिता उल्लंघनका घटना पनि उल्लेख्य बढेका छन् । निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को खण्ड ख बमोजिम स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला नगर्न नपाइने व्यवस्था भए पनि यसको परिपालना भएको देखिँदैन । आचार संहिताले एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नपाइने उल्लेख गरेको छ । तर, यस विषयमा पनि राजनीतिक दलहरूले ध्यान पुर्‍याउन नसक्दा झडपका घटना भएको पाइयो । भोजपुरमा सत्ता गठबन्धनको चुनावी सभामा भएको बम विस्फोटको जिम्मा नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाले लिएको छ । चितवन क्षेत्र नम्बर २ नेपाली कांग्रेसका उम्मेदवार उमेश श्रेष्ठको गाडी पहिचान नखुलेका व्यक्तिले तोडफोड गरेको प्रहरी जनायो ।

भोजपुरको पौवादुङमा गाउँपालिकाको तिवारी भञ्ज्याङमा गठबन्धनको चुनावी सभा भइरहेको स्थल नजिकै आज बुधवार बम विस्फोट भएको थियो । बम विस्फोटमा अरूण गाउँपालिका-४ चरम्बीका सुमन श्रेष्ठ घाइते भएका हुन् । श्रेष्ठ विप्लवकै कार्यकर्ता भएको र उनले टिफिन बक्समा विस्फोटक पदार्थ राखेर बनाएको बम झोलामै पड्किएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ ।

निर्वाचन आयोगको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिले सरकार, गृह मन्त्रालयमार्फत सम्बद्ध निकायलाई निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहितरूपमा सम्पन्न गर्न गराउन विभिन्न निर्देशन दिएको छ। आज बसेको समितिको बैठकले निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गर्ने, डर, धाक, धम्की दिनेलगायतका काम गरी निर्वाचनको स्वच्छतामा असर पुर्‍याउने कुनै पनि गतिविधि नगर्न नगराउन उपयुक्त सुरक्षा रणनीति अवलम्बन गर्ने निर्णय गरेको छ । निर्वाचनमा आचारसंहिता उल्लंघनका गतिविधि, निर्वाचन प्रचारप्रसार निषेध अवधिमा हुनसक्ने अवाञ्छित गतिविधि, हातहतियार निषेधजस्ता कार्यको निगरानी गरी पूर्णरूपमा नियन्त्रणका लागि सम्बद्ध सबै पक्ष सक्रियरूपमा परिचालित हुन बैठकले निर्देशन दिएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचनको मितिभन्दा ४८ घण्टा अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाउने बताए । मतदानको दिनको ४८ घण्टा अगाडिदेखि प्रचारप्रसार गर्न निषेध गरिएकाले उक्त अवधिमा सुरक्षा निकायले निगरानी बढाइ प्रचारप्रसारलगायतका निर्वाचन कानून प्रतिकूल हुने कुनै पनि प्रकारका अवाञ्छित गतिविधि पूर्णरूपमा नियन्त्रण गर्ने, आयोगबाट जारी गरिएको मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड २०७९ को पूर्णपालना गरी, गराई मतदानका दिन सवारीको व्यवस्थित आवागमनको प्रबन्ध गर्ने, सुरक्षाका लागि प्रत्येक मतदान केन्द्रमा ३० मिनेटभित्र पुग्न सक्ने गरी पर्याप्त जगेडा फोर्सको व्यवस्था मिलाउने, निर्वाचन सुरक्षा जोखिमका आधारमा आवश्यकता अनुसार सुरक्षा गस्ती परिचालन गर्ने गरी निर्देशन दिइएको उनले जानकारी दिए ।

## प्रदेश १

प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन ०७९ का लागि 'स्थिर' अवधि सुरू हुन केही घण्टाअघि प्रदेश १ का विभिन्न जिल्लामा निर्वाचन आचारसंहिता उल्लंघनका घटनामा वृद्धि भएको इन्सेक अनुगमनका क्रममा पाइएको छ ।

**भोजपुर प्रतिनिधि गणेश विष्टका अनुसार** पौवादुङ्मा गाउँपालिका-२ तिवारी भञ्याङमा कात्तिक ३० गते गठबन्धनले आयोजना गरेको चुनावी सभामा आफैले बोकेको बम विष्फोट हुँदा अरूण गाउँपालिका-४ चरम्वीका सुमन श्रेष्ठ घाइते भएका छन् । बम विष्फोटमा परी घाइते भएका श्रेष्ठलाई अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी शरद थापा क्षेत्रीले बताउनु भयो । घाइतेको स्थानीय स्वास्थ्य चौकी तिवारी भञ्याङमा उपचार गरिएको छ । गठबन्धनले आयोजना गरेको चुनावी आमसभामा प्रतिनिधिसभाका उम्मेदवार सुदन किराँती, प्रदेशसभाका उम्मेदवार राजेन्द्रकुमार राई,नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेपाली कांग्रेसका रामशरण महतलगायतले सम्बोधन गरेका छन् । विप्लव कार्यकर्ताले बम बोकेर आफै विष्फोट भएको प्रहरीले बताएपनि विप्लवका केन्द्रीय सदस्य पुष्पबहादुर कोइरालाले पार्टीले चुनाव बहिष्कारको नीति लिएको भएपनि बम विष्फोट गराएर आतङ्क नफैलाउने र सो घटनामा विप्लवको संलग्नता नरहेको बताएका छन् । सो पार्टीका भोजपुर इन्चार्ज चन्द्र बुढाथोकीले घाइते हुने श्रेष्ठ पार्टीको कार्यकर्ता भए पनि पार्टीको निर्देशन विपरीत कसैको परिचालनमा बम बोकेको हुन सक्ने बताए ।

**सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्कीकाअनुसार** धर्मदेवी नगरपालिका-३ स्थित पञ्चकन्या प्राथमिक विद्यालय ओखेका प्रधानाध्यापक विष्णु भण्डारीले फेसबुकमार्फत गठवन्धनतर्फबाट उम्मेदवारको पक्षमा भोट मागेको भन्दै निर्वाचन आयोगले निर्वाचन आचारसंहिता ०७९ को दफा १० बमोजिम शिक्षक भण्डारीसँग कात्तिक ३० गते स्पष्टीकरण माग गरेको छ । आयोगले निर्वाचन आचारसंहिताको पालना गर्नु पर्ने आचरण अन्तर्गतको खण्ड 'क' मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने व्यवस्था छ ।

**झापा जिल्ला प्रतिनिधि नरेश खातीकाअनुसार** झापा निर्वाचन क्षेत्र न. २ का गठवन्धनबाट प्रतिनिधिसभाका उम्मेदवार हरिकुमार राना र प्रदेशसभा ख का उम्मेदवार खगेन्द्र मैनालीलाई निर्वाचन आचारसंहिता विपरीत अर्जुनधारा नगरपालिका-९ मा तुल ब्यानर र माइक बजाएर समर्थकले मत मागेका छन् ।

**पाँचथर जिल्ला प्रतिनिधि सहमान विश्वकर्माकाअनुसार** गठबन्धनबाट प्रतिनिधिसभाका उम्मेदवार भीष्मराज आङ्दम्बे र प्रदेशसभा सदस्य कमलप्रसाद जवेगुको पक्षमा मतदान गर्न आह्वान गरिएको तुल ब्यानर फिदिम नगरपालिका-१ स्थित बालकिरण इङ्लिस बोर्डिङ स्कुलको कम्पाउण्ड वालमा राखी निर्वाचन आचारसंहिता विपरीत कार्य गरिएको छ ।

**सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादवकाअनुसार** निर्वाचन आयोगले सुनसरी निर्वाचन क्षेत्र न.४ प्रदेशसभा २ का लोकतान्त्रिक समाजवादी पार्टी नेपालका उम्मेदवार सन्तोषकुमार मेहताको उम्मेदवारी खारेज गरेको छ । प्रदेशसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा १३ खण्ड (च) बमोजिम मेहताले बहुविवाहसम्बन्धी कसुरमा कैद सजाय पाई सजाय भुक्तान गरेको मितिले ३ वर्ष पूरा नभएकाले उनको उम्मेदवारी अयोग्य ठहर भई खारेज गरेको आयोगले जनाएको छ । मेहताले उम्मेदवारी मनोनयनको क्रममा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा १८ को उपदफा (६) सँग सम्बन्धित अनुसूची ६ बमोजिम प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७३ को दफा १३ को खण्ड (च) मा भएको कानूनी व्यवस्था बमोजिम आफू अयोग्य नभएको भनी स्वघोषणा गरेकोमा आफ्नै स्वघोषणाको प्रतिकुल हुने गरी प्रदेश सभा सदस्यको उम्मेदवारी मनोनयन गरेको समेतका आधारमा उम्मेदवारी बदर गरिएको आयोगले स्पष्ट पारेको छ । मेहताको उम्मेदवारी बदर भए पनि नयाँ छपाइ गरी मतपत्र लैजान समयअभावका कारण असम्भव भएकाले उनको चुनाव चिह्नमा परेका मत स्वतः बदर गर्न सम्बन्धित निर्वाचन अधिकृतलाई आयोगले निर्देशन पनि दिएको छ ।

## मधेस प्रदेश

**इन्सेक सप्तरी प्रतिनिधि मनोहरकुमार पोखरेलकाअनुसार** निर्वाचनको मौन अवधि सुरु हुन एक दिन मात्र बाँकी रहँदा निर्वाचनमा होमिएका उम्मेदवारहरुले ठूला ठूला लाउडस्पिकर, डिजे माइकसहितको र्‍याली, जुलुस निकालेर आचारसंहिता उल्लङ्घन गरेका छन् । राजविराजमा कात्तिक ३० गते सत्ता गठबन्धनले विशाल र्‍याली, जुलुस निकालेर नगर परिक्रमा गरेको छ । जुलुसमा साउण्ड बक्स, डिजे बाजासहितको दर्जन बढी टेम्पो, सिटी रिक्सा र प्रशस्त मात्रामा मोटरसाइकलको प्रयोग गरिएको छ । मोटरसाइकलको हर्न र डिजे साउण्ड बक्सको चर्को आवाजले ध्वनी प्रदुषण भएको छ। प्रतिनिधिसभा र प्रदेश सभा सदस्यका उम्मेदवारसहित निकालिएको जुलुसमा बालबालिकाको प्रयोग समेत भएको छ । आचारसंहिताले निर्वाचन प्रचारप्रसारका गतिविधिमा १८ वर्ष मुनिका बालबालिकाको प्रयोगलाई पनि निषेधित गरेको छ ।

कात्तिक २९ गते नेमकिपा र कात्तिक २८ गते हाम्रो नेपाली पार्टीका उम्मेदवारले समेत राजविराजमा आचार संहिता विपरित जुलुस निकालेको थियो । यसैगरी आचारसंहिताले “जुलुस, आमसभा, कोणसभा, बैठक भेला वा प्रचारप्रसारका कार्यक्रम गर्दा बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्नुपर्ने,“ भन्दै त्यस उप्रान्त प्रचारप्रसारको गतिविधि गर्न रोक लगाए पनि उम्मेदवारहरु राति अबेलासम्म मत माग्न र सभा गर्न व्यस्त देखिएका छन् । चुनावी मैदानमा रहेका उम्मेदवारहरूले निर्वाचन आचारसंहिताको गम्भीर उल्लङ्घन गरे उनीहरूको मनोनयन नै रद्द गर्न सक्ने अधिकार आयोगलाई छ । “आचार संहिता उल्लङ्घन गरे जरिवानादेखि उम्मेदवारी खारेज हुनेसम्मको व्यवस्था कानुनमा छ,“ निर्वाचन आयोग, नेपालका उपसचिव एवम सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिनु भयो । आचार संहिता उल्लघंनको मौखिक उजुरी र गुनासो आउने गरे पनि लिखित उजुरी नआएको जिल्ला निर्वाचन अधिकारी रमेशकुमार जोशीले बताउनु भयो ।

## बागमती प्रदेश

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ को बागमती प्रदेशका १३ ओटै जिल्लामा शान्तिपूर्ण रूपमा भइरहेको छ । इन्सेक जिल्ला प्रतिनिधिका अनुसार यस प्रदेशमा आचार संहिताका केही घटना सार्वजनिक हुनका साथै निर्वाचन कार्यालयले स्पष्टिकरण सोध्ने कार्य बाहेक अन्य गतिविधि भएका छैनन् ।

**इन्सेक सिन्धुपाल्चोक प्रतिनिधि नातिबावु धिताल**का अनुसार प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा जिल्लामा ३ सय २० ओटा स्थायी मतदान केन्द्रहरू मध्ये सुरक्षाको दृष्ट्रिकोणले जिल्लाका ४६ ओटा मतदान केन्द्रहरू अति सम्वेदनशील र ९१ ओटा मतदान केन्द्रहरू सम्बेदनशील रहेको प्रमुख जिल्ला अधिकारी बेदनिधि खनालले बताउनु भयो । अति सम्बेदनशील र सम्वेदनशील रहेका मतदान केन्द्रहरूमा सोही अनुसारको सुरक्षा ब्यवस्थाको प्रबन्ध मिलाइएको प्रमुख जिल्ला अधिकारी खनालले बताउनु भयो ।

**इन्सेक रसुवा प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार भोट माग्ने क्रममा विभिन्न स्थानमा आचार संहिता उल्लङ्घन भएको गुनासो गरे पनि कुनै कारवाही भएन । गठबन्धनमा संलग्न भएका दलहरू नेपाली कांग्रेस र नेकपा माओवादीले झण्डा राखेर गाडीको प्रयोग गरेका छन् । उनीहरूले सार्वजनिक स्थलमा पोस्टर टाँसेका छन् । प्रचारमा हिँडेको गाडीमा ब्यानर, झण्डा, माइक राखेका छन् भने राप्रपाका उम्मेदवारले आफ्नो घर तथा सर्वजनिक स्थलमा व्यनर, झण्डा पोष्टर टाँसेका हुन् ।

नेपाली कांग्रेसले चुनाव प्रचारप्रसार गर्ने क्रममा नीजि घरहरू तथा सार्वजनिक स्थल र सडक पेटीमा निर्वाचन आचार संहिता विपरीत चुनाव चिह्न अंकित झण्डाहरू राखेको पाइयो । निर्वाचन आचार संहिताको परिच्छेद २ को ‘ज’ मा कसैको नीजि घरजग्गा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनीक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थलमा दलको भण्डा, दल वा उमेद्वारको निर्वाचन

चिन्ह राख्न टास्न नहुने उल्लेख भए पनि दलहरूले पालना नगरेको पाइएको छ । त्यस्ता आचारसंहिता उल्लङ्घन भएका घटनाको जानकारी आएपछि हटाउन सम्बन्धित दलहरूलाई निर्देशन दिएको छैन ।

**इन्सेक धादिङ प्रतिनिधि सीताराम अधिकारी**का अनुसार आचार संहिताको उल्लङ्घन गर्दै नीलकण्ठ नगरपालिका-३, धादिङबेसीमा राष्ट्रिय स्वतन्त्र पार्टीले ०७९ कात्तिक ३० गते सवारी साधनको र्‍याली गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य उम्मेदवार बसुमायाँ तामाङको सहभागितामा आचार संहिता विपरीत सवारी साधनको र्‍याली भएको हो । समाचार सङ्कलनका लागि पत्रकारहरूलाई समेत खबर गरेर धादिङबेसी पुछार बजारबाट सिरान बजारसम्म ६० भन्दा बढी मोटरसाइकल, चारपाङ्ग्रे गाडीको झण्डा ब्यानर सहित र्‍याली निकालिएको हो । ठूला झण्डा, आचारसंहिता विपरीतका फेलेक्स ब्यानरसमेत प्रयोग गरिएको थियो ।

यसैगरी, थाक्रे गाउँपालिका-३ स्थित अमर्खु माविका प्रधानाध्यापक लालबहादुर तामाङले गठबन्धनको कार्यक्रमको कार्यक्रमको फेसबुक लाइभ गर्नु भएर आचारसंहिता विपरीतकाम गरेको स्थानीयबासीले जानकारी दिएका छन् । गठबन्धनको कार्यक्रममा वडा अध्यक्ष अमित घलेले बोलेको लाइभ गरेका थिए । विद्यालयमा कात्तिक २९ गते हाजिर गरेर १२ बजे गठबन्धनको कार्यक्रममा पुगेका थिए ।

**इन्सेक नुवाकोट प्रनिनिधि नवदीप श्रेष्ठ**का अनुसार जिल्ला सुरक्षा समितिले निर्वाचनलाई मध्यनजर गर्दै इजाजत लिएर हतियार लिएकाहरूलाई चुनाव अवधिभर हतियार बुझाउन अनुरोध गरेको छ । प्रशासनको अनुरोधपछि पाँच जनाले विभिन्न खाले बन्दुक जिल्ला प्रहरी कार्यालयमा बुझाएको कार्यालयका सूचना अधिकारी डिएसपी रूपक खड्काले जानकारी दिनुभयो । प्रहरीले बेलकोटगढी नगरपालिकाको दुई स्थानबाट चार थान बेवारिसे बन्दुक समेत फेला पारेको जनाएको छ । जिल्लामा ६ जनाले हतियार राख्ने अनुमति लिएका छन् । एक जना हतियार लिएका व्यक्तिले काठमाडौँमा बुझाएकोले नुवाकोटमा पाँच जनाले मात्र भएको प्रहरीले जनाएको छ ।

यसैबीच, निर्वाचनमा कर्मचारी, सुरक्षाकर्मी र स्वयम्सेवक गरी ६ हजारभन्दा बढी खटिने भएका छन् । जसमा कर्मचारी २ हजार ४ जना, स्वयम् सेवक १ हजार १ सय ५२ जना, प्रहरी ८ सय ६५ जना, म्यादी प्रहरी १ हजार ५ सय २० जना, सशस्त्र प्रहरी ४ सय जना र नेपाली सेना ४ सय जना खटाइने भएको छ । जिल्लामा १ सय ३२ मतदान स्थल र २ सय ८८ मतदान केन्द्र रहेको छ । हरेक मतदान केन्द्रमा ८ जना कर्मचारी र चार जना स्वयम्सेवक खटाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत, पाँच जना सहायक कर्मचारी र एक जना सहयोगी र चार जना स्वयम्सेवक खटिनेछन् ।

**इन्सेक काठमाडौं प्रतिनिधि विमल पौडेल**का अनुसार निर्वाचन आयोगले सुनसरी निर्वाचन क्षेत्र नम्बर ४ (२) मा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका प्रदेशसभा सदस्य उम्मेदवार सन्तोषकुमार मेहताको उम्मेदवारी खारेज गरेको छ । आयोगले प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७३ को दफा १३ को खण्ड (च) बमोजिम मेहताले बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएकोले मेहताको प्रदेश सभा सदस्य पदका लागि रहेको उम्मेदवारी अयोग्य ठहर भई खारेज गरेको हो ।

मेहताले उम्मेदवारी मनोनयनको क्रममा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा १८ को उपदफा (६) सँग सम्बन्धित अनुसूची ६ बमोजिम प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७३ को दफा १३ को खण्ड (च) मा भएको कानूनी व्यवस्था बमोजिम आफू अयोग्य नभएको भनी स्वघोषणा गरेकोमा आफ्नै स्वघोषणाको प्रतिकूल हुने गरी प्रदेश सभा सदस्यको उम्मेदवारी मनोनयन गरेको समेतका आधारमा उम्मेदवारी बदर गरेको आयोगका सहप्रवक्ता गुरुप्रसाद अर्यालले जानकारी दिनुभयो ।

यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका चितवन प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार रवी लामिछानेविरुद्ध नागरिकता सम्बन्धी प्रश्न उठाउँदै निर्वाचन आयोगमा उजुरी परेको छ । लामिछानेले पहिले विदेशी नागरिकता प्राप्त गरेको भए पनि नेपाली नागरिकता परित्याग नै नगरेर पछि पुरानै नेपाली नागरिकता पेश गरेर उम्मेदवारी दर्ता गराएको उजुरी परेको आयोगका सह प्रवक्ता सुर्यप्रसाद अर्यालले जानकारी दिनुभयो । लामिछाने विरुद्ध आयोगमा उजुरी परे लगत्तै आयोगले उक्त सम्बन्धमा आवश्यक कारबाहीका लागि चितवन प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर २ का मुख्य निर्वाचन अधिकृतलाई पत्राचार गरेको आयोगका सह प्रवक्ता अर्यालले बताउनुभयो ।

यसैबीच, निर्वाचन आयोगले काठमाडौँको कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्कीलाई आफ्नो पालिकाभित्र निर्वाचन आचारसंहिता विपरीत आफू निकट दल र उम्मेदवारलाई मत मागेको विषयमा स्पष्टीकरण सोधेको छ । काठमाडौं जिल्ला क्षेत्र नं. २ मा नेपाली कांग्रेस तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उम्मेदवारको प्रचारप्रसारमा स्वयम संलग्न हुनुभएको देखिने सामग्रीहरू संलग्न गरी आयोगमा उजुरी प्राप्त भएकाले स्पष्टीकरण सोधेको हो । स्पष्टीकरण पत्रमा विभिन्न विषयमा स्पष्ट गरी यो पत्र तपाईंलाई कुनै माध्यमबाट प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोगमा प्राप्त हुने गरी लिखित स्पष्टीकरण पेश गर्न भनिएको छ ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ५, नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने तर स्थानीय कार्यपालिकाका पदाधिकारी आफू बहाल रहेको स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचार प्रसारको काममा संलग्न हुन नपाउने व्यवस्था रहेको छ ।

आयोगले सोधेको स्पष्टीकरण पत्रमा भनिएको छ, ‘तपाईंले निर्वाचन आचारसंहिताको उल्लङ्घन हुने गरी नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उम्मेदवारको प्रचारप्रसारमा संलग्न हुनु भएको हो, होइन ? तपाईंले आफू कागेश्वरी मनोहरा नगरपालिकाको कार्यपालिकाको सदस्य रहँदा रहँदै कागेश्वरी मनोहरा नगरपालिकाभित्र दलको प्रचारप्रसारमा संलग्न भएको कार्यले निर्वाचन आचारसंहिताको उल्लङ्घन हुने हुँदा तपाईंलाई किन निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिमको जरिबाना गर्नु नपर्ने हो?’ पत्रमा उल्लेख भएको विषयमा स्पष्ट गरी यो पत्र तपाईंलाई कुनै माध्यमबाट प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोगमा प्राप्त हुने गरी लिखित स्पष्टीकरण पेश गर्न अनुरोध छ ।

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यका काठमाडौं क्षेत्र नं. १ का हाम्रो नेपाली पार्टीका उम्मेदवार डम्बर साहुलाई दलीय अवद्धता स्पष्ट नगरी प्रचारप्रसार गरेको विषयमा स्पष्टीकरण सोधेको छ । साहुले ‘बालेनलाई लौरो हामीले नै दिएको हौं । उहाँको समर्थन हामीलाई छ ।’ भनी नेपाल प्रेस डटकमलाई दिएको अन्तरवार्ताको विषयमा आयोगमा उजुरी परेपछि आयोगले शाहलाई ५ ओटा बुँदामा प्रश्न गर्दै २४ घन्टे स्पष्टीकरण सोधेको हो ।

स्पष्टीकरण पत्रमा भनिएको छ-‘तपाईंको दल नेपालको संविधान र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम निर्वाचन आयोग नेपालमा दर्ता भएको हो । हरेक दलका उम्मेदवारले इमान्दारिपूर्वक दलीय अनुशासनमा बस्नुपर्छ भनी सम्झाई रहनुपर्ने विषयवस्तु होइन । तपाईंको दल हाम्रो नेपाली पार्टीलाई उक्त दलका उम्मेदवारले दलीय पहिचान स्पष्ट नगरी मत मागेको भन्ने बारे यसपूर्व नै लेखी पठाइसकिएको हुँदा तपाईं उक्त दलको उम्मेदवार समेतलाई सो विषयको जानकारी हुने विषयमा कुनै दुविधा हुन सक्दैन ।’ निर्वाचन आचारसंहिता, २०७९ को दफा ४, सबैले पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड (न) मा ‘कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्ने गरी कुनै कार्य गर्न

नहुने' व्यवस्था छ। पत्र प्राप्त भएको मितिले २४ घण्टा भित्र देहायका विषयमा निर्वाचन आयोग नेपालमा स्वयम उपस्थित भै लिखित स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ ।

यसैगरी निर्वाचन आयोगले राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङलाई नेकपा ( माओवादी केन्द्र) को प्रचारप्रसारमा सम्लग्न रहेको विषयमा स्पष्टीकरण सोधेको छ । घिसिङ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को चुनावी अभियानमा हिँडेको तथा रामेछाप जिल्लाको कार्यक्रममा सहभागी भएको भन्दै निर्वाचन आयोगमा उजुरी परेको थियो । उजुरीका सम्बन्धमा आयोगले घिसिङलाई पत्र प्राप्त भएको मितिले २४ घण्टा भित्र निर्वाचन आयोगमा प्राप्त हुने गरी लिखित स्पष्टीकरण पेश गर्न भनेको हो ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ७ को खण्ड (क) अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न हुँदैन । यस्तै निर्वाचन आयोगले नेपाल क्रेडिट एण्ड कमर्सियल बैङ्कलाई साधारणसभा स्थगित गर्न निर्देशन दिएको छ । आयोगले सिन्धुपाल्चोक जिल्ला क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार रहेका व्यक्ति समेत सञ्चालक रहेको त्यस बैङ्कको साधारण सभा आगामी मङ्सिर २ गते काठमाडौँमा सम्पन्न हुने गरी आयोजना गरिएको र मौन अवधि शुरु भइसकेपछि ठूलो सङ्ख्यामा मानिसहरू भेला गराई राजनीतिक प्रभाव पार्ने उद्देश्यले भोजभतेर समेतको व्यवस्था गरी साधारण सभा गर्दा निर्वाचन आचारसंहिता उल्लङ्घन हुनुको साथै सार्वजनिक शान्ति र सुव्यवस्थामा समेत खलल पर्न सक्ने अवस्थाको स्पष्ट विद्यमानता देखिएकाले सभा रोक्न आयोगमा उजुरी परेको थियो ।

निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (५) मा 'कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचारप्रसार गर्न वा गराउन हुँदैन' भन्ने व्यवस्था छ ।

यसैबीच, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ को सुरक्षालाई मध्यनजर गरेर कात्तिक २९ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौँमा उपत्यकाका तीन प्रमुख जिल्ला अधिकारीको संयुक्त बैठक बसेको छ । बैठकले मङ्सिर ४ गते बिहान ४ बजेदेखि बेलुकी ७ बजसम्म उपत्यकामा निर्वाचन आयोगबाट निर्धारित मापदण्ड अनुसारका अनुमति प्राप्त सवारीसाधन बाहेक अन्य सवारीसाधनको आन्तरिक सवारी आवगमन बन्द गर्ने निर्णय गरेको छ ।

बैठकले निर्वाचन लक्षित गरेर १ मङ्सिरदेखि ४ मङ्सिर राति १२ बजेसम्म तीन ओटै जिल्लामा मदिरा ओसारपसार, विक्री वितरणमा रोक लगाउने निर्णय समेत गरेको छ । त्यस्तै निर्वाचनको तयारीका लागि कर्मचारीहरू खट्नुपर्ने भएकाले मङ्सिर १ र २ गते ३ ओटै जिल्ला प्रशासन कार्यालयहरूले प्रदान गर्ने शान्ति सुरक्षा, विपद्, निर्वाचन र मुद्दाबाहेकका सेवा प्रवाह स्थगत गर्ने निर्णय गरेको काठमाडौँका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले जानकारी दिनुभयो

**इन्सेक रामेछाप प्रतिनिधि नवराज घिमिरे**का अनुसार निर्वाचन आचारसंहिता विपरीत नेपाली कांग्रेस र माओवादीका उम्मेदवारले रङ्गिन फ्लेक्स ब्यानर सहितका गेट बनाएर चुनावी प्रचार गरेका छन् । लिखु तामाकोसी गाउँपालिकाका विभिन्न स्थानमा गठबन्धनका उम्मेदवारले त्यस्ता गेट बनाएर प्रचार गरेका छन् । लिखु तामाकोसीको धोबी नागदह, बिजुलीकोट लगायतका स्थानमा यस्ता गेट बनाइएका छन् । गठबन्धनको तर्फबाट रामेछापमा प्रतिनिधि सभामा नेपाली कांग्रेसका पूर्णबहादुर तामाङ कान्छाराम उम्मेदवार हुनुहुन्छ भने प्रदेश सभा क मा नेकपा माओवादी केन्द्रका तारानारायण श्रेष्ठ उम्मेदवार हुनुहुन्छ ।

यसरी बनाइएका गेट स्थानीय प्रशासनले हटाएको छैन । मुख्य निर्वाचन अधिकृतको कार्यालयले भने यस विषयमा उजुरी नपरेको जनाएको छ । निर्वाचन आचारसंहिताले रङ्गिन पोष्टर तथा पमप्लेट र फ्लेक्स बोर्ड राख्न नपाउने व्यवस्था गरेको छ ।

**इन्सेक चितवन प्रतिनिधि दिपेन्द्र अधिकारी**का अनुसार प्रतिनिधिसभा चितवन क्षेत्र नं. २ का गठबन्धनका साझा उम्मेदवार उमेश श्रेष्ठ सवार गाडीमा कात्तिक ३० गते दिउँसो तोडफोड भएको छ । भरतपुर महानगरपालिका-१० पुरानो मेडिकल कलेज नजिकै आमा समूहले गरेको कार्यक्रममा सहभागी हुँदै गर्दा तीन ओटा मोटरसाइकलमा आएका ६ जनाको समूहले ढुङ्गा हानेर गाडीको सिसा फुटाएका छन् । बा ३ च २०५० नम्बरको हरियो रंगको गाडीमा तोडफोड हुँदा गाडीको अगाडि भागको सिसा फुटेको छ । तोडफोड गर्नेको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

## गण्डकी प्रदेश

प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनको तयारी गण्डकी प्रदेशका जिल्लामा शान्तिपूर्ण रूपमा भइरहेको छ । इन्सेक जिल्ला प्रतिनिधिहरूका अनुसार यस प्रदेशमा आचारसंहिता उल्लंघनका केही घटना सार्वजनिक हुनका साथै निर्वाचन कार्यालयले स्पष्टिकरण सोध्ने कार्य बाहेक अन्य गतिविधि भएका छैनन् ।

**इन्सेक बागलुङ प्रतिनिधि सिर्जना पन्त**काअनुसार निर्वाचन बहिस्कारको घोषणा गरेको नेपाल कम्युनिष्ट पार्टी (मशाल) का नेता कार्यकर्तालाई प्रहरीले कात्तिक १९ गते कुश्मिसेराबाट गिरफ्तार गरेको छ । कुश्मिसेरा बजारमा नेकपा (मशाल)ले आयोजना गरेको चुनाव बहिस्कार कार्यक्रमको कोणसभाबाट नेकपा (मशाल)का पोलिटब्युरो सदस्य ७० वर्षीय कृष्णराज पौडेलसहित १३ जनालाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका एसपी दयानिधि ज्ञवालीले बताउनु भयो ।

गिरफ्तार हुनेमा अखिल भारत नेपाली एकता समाजका केन्द्रीय अध्यक्ष ५३ वर्षीय देबबहादुर लामिछाने, केन्द्रीय सदस्य ४६ वर्षीय सुर्यबहादुर थापा, जैमिनी नगर सदस्य ५४ वर्षीय रमाकान्त शर्मा, रक्तिम सांस्कृतिक अभियानका केन्द्रीय उपाध्यक्ष ५२ वर्षीय दलबहादुर विक, नेकपा (मशाल)का कास्की जिल्ला प्रवक्ता ४३ वर्षीय विक्रम थापा, बागलुङ जिल्ला सदस्य ४२ वर्षीय दिपक गुरुङ, काठमाडौ महानगर अध्यक्ष ४६ को खगेश्वर शर्मा, समर्थक ३९ वर्षीय लालबहादुर नेपाली, ३५ वर्षीय सागर कुँवर, ४८ वर्षीय आकाश गौतम र ३० वर्षीय पहाड विष्ट र पार्टीका केन्द्रीय प्रतिनिधि ४७ वर्षीय नारायण सापकोटा रहेका छन् ।

यसैबीच, निर्वाचन आचारसंहिता विपरीत बागलुङको निर्वाचन क्षेत्र नम्बर २ को प्रदेश सभा (ख)का उम्मेदवार दोर्ण कुँवरले झोलुङ्गे पुलको शिलान्याश गर्नुभएको छ । ढोरपाटन नगरपालिका-३ को विसमोरबाट घोसा जोड्ने झोलुङ्गे पुलको पाँच दलीय गठबन्धनका साझा उम्मेदवार कुँवरले कात्तिक २८ गते उद्घाटन गर्नु भएको हो । उम्मेदवार कुँवरसँगै नेपाली कांग्रेसका समानुपातिक उम्मेदवार दिलमाया पौवी पनि सिलन्याश कार्यक्रममा सहभागी हुनुभएको थियो । निर्वाचन आचारसंहिता २०७९ को परिच्छेद ३ को (ग) अनुसार कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने काम गर्न वा सो को लागि अनुदान दिन नहुने उल्लेख गरिएको भएपनि कुँवरले आचारसंहिता विपरीत पुलको शिलान्यास गर्नु भएको हो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेलका अनुसार** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७९ लाई लक्षित गरेर आयोजना गरेको कार्यक्रममा निर्वाचन आचार संहिता विपरीत बाजागाजाको प्रयोग गरिएको छ। कात्तिक २९ गते बेनी बजारको खुल्ला मञ्चमा आयोजित कार्यक्रममा राप्रपाले नौमती बाजासहितको भिड जम्मा गरेको हो । राप्रपाका पूर्व अध्यक्ष एवम् पूर्वमन्त्री पशुपति शमसेर राणाको प्रमुख आतिथ्यतामा भएको सभामा सहभागी हुनुपूर्व र

सभा सकिएपछि पनि नौमती बाजासहितको जुलुस निस्केको थियो । राप्रपाबाट प्रतिनिधिसभामा पूर्व मन्त्री जगतप्रसाद गौचन र प्रदेश १ मा प्रविन शाही र प्रदेश २ मा मिठु थापा उम्मेदवार हुनुहुन्छ । निर्वाचन आचारसंहिता-२०७९ को दफा -१३, को उपदफा(१) को 'ण' मा निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र पेश गर्न जाँदा वा प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थक सहित २५ जना भन्दा बढीको जुलुस लिएर जान नहुने र यसरी जाँदा बाजा गाजा तथा झाँकी सहित जान नहुने भनिएको भए पनि राप्रपाले बाजा सहित जुलुस निकालेर बेनी बजारको खुल्ला मञ्चमा पुगेर सभामा परिणत भएको थियो ।

## लुम्बिनी प्रदेश

**गुल्मी प्रतिनिधि टोपलाल अर्याल**काअनुसार कारागारका कैदी/बन्दीलाई मतदाता शिक्षा प्रदान गरिएको छ । प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेल र जिल्ला निर्वाचन कार्यालय गुल्मीको टोलीले कात्तिक २९ गते कारागारमा पुगेर मतदाता शिक्षा दिएको हो । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि सभाको समानुपातिक तर्फको मतदानमा बदर मत कम गर्नका लागि कारागारमा रहेका कैदी/बन्दीहरूलाई मतदाता शिक्षा प्रदान गरिएको जिल्ला निर्वाचन कार्यालय गुल्मीको निर्वाचन अधिकृत मायाकुँवरले जानकारी दिनु भयो । गुल्मी कारागारमा रहेका ८० जना कैदी/बन्दीहरू मध्ये ३२ पुरुष र चार महिला गरेर ३६ जनाको मतदाता नामावलीमा नाम रहेको कुँवरले बताउनु भयो । अहिले कारागारमा एक अस्थायी मतदान केन्द्र थप गरिएको छ । कैदी/बन्दीहरुलाई रेसुङ्गा नगरपालिका- २ की स्वयंसेविका पुष्पा बिष्टले मतदान गर्ने प्रक्रियाको बारेमा सहजिकरण गर्नु भएको थियो । गुल्मीका दुई निर्वाचन क्षेत्रमा २ सय ७८ मतदान केन्द्र र १ सय ४२ मतदान स्थलहरू रहेको निर्वाचन कार्यालय गुल्मीले जनाएको छ ।

**बाँके प्रतिनिधि लक्ष्मी थारू**का अनुसार बाँके कारागारका ७ सय ८६ जना कैदी बन्दी मताधिकार बाट बञ्चित हुने भएका छन् । कारागारमा रहेका ७ सय ८८ मध्ये दुई जना नेपालगञ्ज उपमहानगरपालिका- ७ का आदित्य श्रेष्ठ र नेपालगञ्ज उपमनपा-१६का मोहमद तैयव अलि जोलाहले मात्र कारागारमा भोट हाल्न पाउने भएका छन । सबैको नामावली निर्वाचन कार्यालयमा पठाएको मध्ये दुईजनाको मात्र सदर भएर आएको कारागार कार्यालयका विष्णुप्रसाद भण्डारीले बताउनु भयो । धेरैजनाको मतदाता नामावलीमा नाम नरहेको निर्वाचन कार्यालयले जनाएको भण्डारीले बताउनु भयो ।

**यसैगरी,** जिल्लामा आम सभा तथा घरदैलो कार्यक्रम शान्तिपूर्ण तरिकाले भइरहेको छ । हालसम्म कुनै पनि अप्रिय घटना भएको छैन । राजनीतिक दल तथा उम्मेदवारहरूले प्रहरी प्रशासनसँग अनुमति नलिइ आमसभा गरिरहेका प्रहरी प्रशासनले जनाएको छ । निर्वाचन आयोगमा नौ वटा उजरी परेका थिए दुईदिन यता उजुरी नआएको जिल्ला निर्वाचन अनुगमन अधिकृत खडानन्द अधिकारीले बताउनु भयो । नेपाल भारत सीमामा भारतीय गाडी प्रयोग गरिएको पाइएको छ । खजुरा गाउँपालिका मनकामना चोक नजिक नेपाली काङ्ग्रेस तथा नेकपा माओवादी केन्द्रले सम्पर्क कार्यालयमा तोरण बनाएको, फत्तेपुरमा नेकपा एमाले पार्टीले सम्पर्क कार्यालयमा झण्डाको तोरन बनाइ राखेको, जसपाले नेपालगञ्ज फुल्टेक्रा रोडमा तोरण झुण्ड्याएको, लोकतान्त्रिक समाजवादी पार्टीले नेपालगञ्जमा अटो तथा गाडी धेरै प्रयोग गरी ऱ्याली निकालेको, स्वतन्त्र उम्मेदवार प्रदीपजंग राणाले सडक तथा विद्युतका पोलमा व्यानर टाँगेको पाइएको छ ।

**नवलपरासी (पश्चिम ) प्रतिनिधि नारायण पराजुली**का अनुसार प्रधानमन्त्री तथा नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, प्रचण्डले जिल्लाको बर्दघाट नपा- १४,स्थित चौपत्तामा एक विशाल चुनावी सभालाई सम्बोधन गरेका छन् । इन्सेकले अनुगमन गर्ने क्रममा निर्वाचन आचार संहिता उल्लङ्घन भएको पाइएको छ । हेलिकप्टरमार्फत चुनावी सभालाई सम्बोधन गर्ने क्रममा आम सहभागीलाई आवश्यकता बढी आश्वासन र प्रलोभनजन्य कुरा गरेका छन् ।

**रोल्पा जिल्ला प्रतिनिधि तिलक घर्ती मगरका**अनुसार सत्ता गठबन्धनले आचारसंहिताविपरीत घरदैलो कार्यक्रम गरेको छ । गठबन्धनले कात्तिक ३० गते लिवाङमा निर्वाचन आचारसंहिता विपरीत दलका झण्डा, साउण्ड सिस्टम, बाजागाजासहित २५ जना भन्दा बढीको सङ्ख्यामा ऱ्याली निकालेको छ । निर्वाचन आचारसंहितामा घरदैलो कार्यक्रममा  जाँदा दश ओटा भन्दा बढि झण्डा नबोक्न ,साउण्ड सिस्टम प्रयोग नगर्न, बाजागाजाको प्रयोग नगर्न तथा २५ जना भन्दा बढीको सङ्ख्यामा घरदैलोमा नहुने भनिएको छ ।

**बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार निर्वाचन आचारसंहिता विपरीत सार्वजनिक स्थलमा राजनीतिक दलका झण्डा र उम्मेदवारको चुनाव चिन्ह अंकित झण्डा प्रयोग गरेका छन् । बर्दिया जिल्लाको क्षेत्र नं २ को (ख) को गेरुवा गाउँपालिका र राजारापुर नगरपालिकाको विभिन्न ठाउँमा सार्वजनिक स्थलमा चुनाव चिन्ह अंकित झण्डा प्रयोग गरेको पाइएको छ । निर्वाचन आचारसंहिता ०७९ को परिच्छेद ४ को धारा १३ को उपधारा १(ज)मा दलको भण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्ह राख्न वा टाँस्न नहुने उल्लेख छ। आचारसंहिता विपरीत सार्वजनिक स्थलमा राजनितिक दलका उमेदवारले चुनाव चिन्ह अंकित झण्डा प्रयोग गरेको बारेमा जिल्ला निर्वाचन कार्यालयले अनुगमन गरी सम्बन्धित उमेदवारलाई कारबाही गरेको छैन ।

## कर्णाली प्रदेश

कर्णाली प्रदेशको निर्वाचन सुरक्षा चुनौतीका रूपमा भौगोलिक विकटता, निर्वाचन वहिष्कार गर्ने समूहका गतिविधि र सीमा जिल्ला तथा सीमा प्रदेशमा हुने घटनाको प्रभावलाई लिइएको छ । निर्वाचन नजिकिँदै गएको अवस्थामा दलहरूले आचारसंहिता विपरीत विद्यालयको प्रयोग गर्ने गरेको, सडक तथा चोकचोकमा तुल टाँसिएको पाइएको छ ।

**रुकुम (पश्चिम) जिल्ला प्रतिनिधि मनिषा केसीकाअनुसार** जिल्ला निर्वाचन कार्यालय, रुकुम पश्चिमले निर्वाचन सामग्री वितरण सुरु गरेको छ । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि मतदान केन्द्रमा चाहिने सामग्री कात्तिक २८ गतेदेखि वितरण सुरु गरिएको निर्वाचन कार्यालयका प्रमुख कुमारी रिमा मल्लले जानकारी दिनु भयो । उहाँका अनुसार कात्तिक ३० गते मुसिकोट नगरपालिका त्रिवेणी गाउँपालिकामा रहेका मतदान केन्द्रका लागि मतदान सामग्री वितरण गरिएको छ । यससँगै निर्वाचन सामग्री वितरणको काम सकिएको निर्वाचन कार्यालयका प्रमुख मल्लले जानकारी दिनु भयो । टाढाका मतदान केन्द्रमा खटिएका कर्मचारी मतदान सामग्री लिएर कात्तिक ३० गते मतदान केन्द्रमा गइसकेको पनि उहाँले जानकारी दिनुभयो ।

**हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहकाअनुसार** प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनका लागि हुम्लाको उत्तरी नाम्खा गाउँपालिका-६ को लिमीका तीन ओटा मतदान केन्द्रमा खटिएका कर्मचारी र सुरक्षाकर्मीलाई नेपाली सेनाको हेलिकोप्टरमार्फत पुऱ्याइएको छ । नाम्खा गाउँपालिका-६ को न्यालु लेकमा बाक्लो हिमपात भएपछि यसअघि नै मुख्य निर्वाचन अधिकृतको कार्यालयले हेलिकप्टरको व्यवस्थाका लागि निर्वाचन आयोगलाई सिफारिस गरेको थियो । सो सिफारिस अनुसार नाम्खाका सुनखानी प्रावि हल्जी, भृकुटी प्रावि जाङ र हिमशिखर प्रावि तिलका मतदान केन्द्रका मतपेटिका, कर्मचारी र सुरक्षाकर्मीहरूलाई कात्तिक २९ र ३० गते नेपाली सेनाको हेलिकप्टरबाट मतदान केन्द्रमा पुऱ्याइएको प्रमुख जिल्ला अधिकारी सीता परियारले बताउनु भयो ।

**डोल्पा जिल्ला प्रतिनिधि विष्णु प्रसाद देवकोटाकाअनुसार** जिल्लाको उत्तरी सिमावर्ती क्षेत्रमा पर्ने उपल्लो डोल्पाका मतदान केन्द्रमा कर्मचारी मतपत्रलगायतका सामग्री हेलिकप्टरमार्फत पठाउन थालिएको छ । जिल्लाका ६८ ओटा मतदान केन्द्र मध्य उपल्लो डोल्पाका १२ ओटा मतदान केन्द्रमा ०७९ कात्तिक ३० गते बुधवारबाट हेलिकप्टरबाट पठाउन थालिएको हो । कर्मचारी मतपत्र लगायत निर्वाचन सामग्री लैजान हेलिकप्टरको प्रयोग गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पाले जनाएको छ ।

सदरमुकाम दुनैदेखि पैदलमार्ग मार्फत एक साता सम्म लाग्ने उपल्लो डोल्पाका डोल्पोबुद्ध, छार्कताङसोङ र शेफोक्सुण्डो गाउँपालिकाका १२ ओटा मतदान केन्द्रमा हेलिकप्टरको प्रयोग गर्न थालिएको मुख्य निर्वाचन अधिकृत बाबुराम सुवेदीले जानकारी दिनु भयो । उहाँका अनुसार मतदान सकिएपछि पनि मतपत्र निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मी समेत हेलिकप्टरबाटै ल्याइने छ। भौगोलिक विकटता र भारी हिमपातका कारण निर्वाचनको पुर्व तयारी गर्न समस्या देखिएपछि हेलिकप्टर प्रयोग थालिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

उपल्लो क्षेत्रमा पर्ने २२ ओटा मतदान केन्द्रको लागि हेलिकप्टरको माग गरिएपनि निर्वाचन आयोगले संवेदनशीलताको आधारमा १२ मतदान केन्द्रको लागि मात्र हेलिकप्टर व्यवस्थापन गरेको मुख्य निर्वाचन अधिकृत सुवेदीले बताउनु भयो । माथिल्लो डोल्पाका १२ मतदान केन्द्र बाहेकका अन्य मतदान केन्द्रका लागि मतपत्र लगायतका निर्वाचन सामग्री घोडाखच्चड र मानिसले बोकेरै मतदान केन्द्रतर्फ कर्मचारी जानेक्रम सुरु भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

**यसैगरी** मुड्केचुला गाउँपालिका अन्तरर्गतको एक सरकारी विद्यालयमा कार्यरत शिक्षकले निर्वाचन आचारसंहिता विपरीत राजनीतिक दलको प्रचारप्रसार गरेको भन्दै स्थानीयले कारबाहीको माग गरेका छन । मुड्केचुला गाउँपालिका-९ होर्तमा रहेको चन्दनाथ आधारभुत विद्यालयमा कार्यरत शिक्षक रामेश्वर चौधरी र मुड्केचुला गाउँपालिकाका निमित्त शिक्षा शाखा प्रमुख तथा महादेव आधारभुत विद्यालयका मुड्केचुला गाउँपालिकाका-६ का शिक्षक जयराम शाहीले निर्वाचन आचारसंहिता विपरीत राजनीतिक दलको पक्षमा मत मागेको पाइएपछि कारबाहीको माग गरिएको हो । नेकपा एमाले समर्थक नरबहादुर थापा, नरबहादुर बोहरा, दत्त बोहरा, कमल शाही, विक्रम बोहरा, राजन शाही,  गोपचन्द्र बोहरा, लक्ष्मण रावतलगायतले कारबाहीको लागि जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिनु भएको छ ।

मुख्य निर्वाचन अधिकृत तथा जिल्ला न्यायधीश बाबुराम सुवेदीले शिक्षकले आचारसंहिता विपरित कार्य गरेको सम्बन्धमा कात्तिक ३० गते मात्र निवेदन सहित भिडियो स्रोत प्राप्त भएको र भिडियोमा खासै प्रष्ट नदेखिएकाले अनुसन्धान भइहरेको साथै टेलिफोनमार्फत सम्बन्धित शिक्षकलाई सचेत गराइसकिएको बताउनु भयो ।

**कालीकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लकाअनुसार** आसन्न मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनका यस जिल्लाका १ सय ३ मतदान स्थल र १ सय २४ मतदान केन्द्र रहेको यस जिल्लामा आज ०७९ कात्तिक ३० गतेका दिन १ सय ३ मतदान केन्द्रका लागि मतदान अधिकृतहरूलाई निर्वाचन सामग्रीहरू वितरण गरिएको छ। साथै सबै मतदान केन्द्रहरूमा मतदान अधिकृत तथा कर्मचारिहरू खटिने काम निर्वाचन कार्यालय कालिकोटका प्रमुख नन्दाराम चौलागाईंले बताउनु भएको छ ।

**सुर्खेत जिल्ला प्रतिनिधि प्रभाकुमारी रावतकाअनुसार** आगामी मङ्सिर ४ गते हुने प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनको तयारी तीव्र भइरहेको छ । निर्वाचनमा आवश्यक सामग्री सम्बन्धित स्थानीय तहमा पठाउन कार्य जारी रहेको छ। प्रदेश तथा प्रतिनिधिसभा निर्वाचन नजिकिए सँगै आवश्यक सामग्री सम्बन्धित स्थानीय तहमा पठाउन सुरू गरिएको छ ।

**जाजरकोट जिल्ला प्रतिनिधि दिनेश श्रेष्ठकाअनुसार** जाजरकोट जिल्लाकाबारेकोट गाउँपालिका, कुशे गाउँपालिका, जुनिचाँदे गाउँपालिका, नलगाड नगरपालिका, छेडागाड नगरपालिकाका ६२ मतदान केन्द्रका लागि मतदान सामग्री मतदान अधिकृत सहितका कर्मचारी र सुरक्षाकर्मी जिल्ला निर्वाचन कार्यालयबाट मतदानका लागि आवश्यक सम्पुर्ण सामग्री बुझेर मतदान केन्द्रतर्फ हिँडिसकेको र अब भोलिदेखि भेरी नगरपालिका र शिवालय गाउँपालिकाका बाँकी ९७ मतदान केन्द्रका मतदान सामग्री सहितकर्मचारी र सुरक्षाकर्मी पठाउने पठाउने तयारी भएको निमित्त जिल्ला निर्वाचन अधिकारी नविन कठायतले बताउनु भयो ।

**जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको जुम्लामा राजनीतिक दलका नेता कार्यकर्ता र उम्मेदवारले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने गरेका छन् । ठुलो आकारको झण्डा प्रयोग गर्ने, धेरै सवारी साधनको प्रयोग, जुलुसमा २५ जना भन्दा धेरै व्यक्ति सहभागी गराउने, तुल व्यानर झुण्डाएर आचारसंहिता उल्लङ्घन गर्ने गरेका हुन् । यस्तै सार्वजनिक स्थल धार्मिक क्षेत्र चन्दननाथ मन्दिर परिसरमा प्रचारप्रसार सामग्री टाँसेर कुरुप बनाएका छन् । कांग्रेस, माओवादी र एकिकृत समाजवादी पार्टी सम्मिलित गठवन्धन, एमाले, राप्रपा, मजदुर किसान पार्टीका विभिन्न थरीका प्रसार सामग्री मन्दिर परिसरमा टाँस गरेका छन् ।

यस्तै राप्रपाका उम्मेदवार ज्ञानबहादुर शाहीले कात्तिक २८ गते जुम्ला सदरमुकाम खलङ्गामा चुनावी सभा गरे । सभामा सहभागी गराउनका लागि विभिन्न क्षेत्र तथा भेगबाट ठुला सवारी साधन प्रयोग गरी निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको आरोप छ । निर्वाचन आचारसंहित उल्लङ्घन घटना भएपनि मुख्य निर्वाचन अधिकृतको कार्यालय जुम्लाले आचारसंहिताको उजुरी नआएको बताउने गरेको छ । मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद गौतमका अनुसार निर्वाचन आचारसंहित उल्लङ्घन भएको छैन ।

**दैलेख जिल्ला प्रतिनिधि अमर सुनारकाअनुसार** नारायण नगरपालिका-११ लोहोरे खोला ढिकमा बसोबास गरिरहेका राउटे बस्तीमा ०७९ कात्तिक ३० गते अनुगमन तथा छलफल गरिएको छ । निर्वाचन पूर्वको अवस्थाबारे राउटे बस्तीमा अनुगमनको क्रममा राउटेहरू निर्वाचनसँग सम्बन्धित विषयमा छलफल गरिएको थियो । राउटेहरूले अहिलेसम्म कुनै पनि निर्वाचनमा भोट नहालेको र मतदाता नामावलीमा नाम पनि नहरेको चन्द्रमान शाहीले बताउनु भयो । अनुगमन तथा छलफलमा इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदी र फोकल पर्सन दुर्गा थापाको पनि सहभागिता रहेको थियो ।

## सुदूरपश्चिम प्रदेश

**कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीकाअनुसार** प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनको शान्तिसुरक्षालाई लक्षित गरी सुरक्षा सतर्कता बढाइएको छ । मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि कैलाली जिल्लाको भारतसँग सीमा जोडिएका सीमा नाका मङ्सिर १ गते राति १२ बजेदेखि मङ्सिर ४ गते राति १२ बजेसम्म बन्द गरिने कातिक २९ गते बसेको सर्वपक्षीय बैठकले निर्णय गरेको जिल्ला प्रशासन कार्यालयका सुचना अधिकारी शिवराज जोशीले बताउनु भयो । भारतीय सुरक्षा अधिकारीहरूसँगको समन्वय बैठकमा सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण गर्न, निर्वाचनको दिनसम्म ७२ घण्टा सीमा क्षेत्र सिल गर्ने, सीमा क्षेत्रबाट हुनसक्ने गैरकानूनी कार्य, अवैध हातहतियार ओसार पसार, मानव बेचबिखन जस्ता कार्य रोक्नको लागि कडाइका साथ दुवैतर्फ सुरक्षा निकाय सक्रिय रहने लगायतका विषयमा छलफल गरिएको सूचना अधिकारी जोशीले बताउनुभयो ।

**इन्सेक अछाम प्रतिनिधि शिवराज ढुङ्गाना**का**अनुसार** निर्वाचन कर्मचारीहरूलाई मतदान केन्द्रमा पठाउने कार्य सुरु भएको छ । मतदान अधिकृतसहितका कर्मचारीहरू मतपेटिका, स्वस्तिक छाप, पितलरबर, कैची, कागज, डोरी, कलम, ग्लुस्टिक लगायतका सामाग्री सहित कार्यस्थलमा जान थालेका हुन् । १ सय मतदानस्थलका १ सय ८ मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम सम्पन्न गरी आवश्यक मतपत्र, मतपेटिका, स्वस्तिक छाप, मुचुल्का लगायतका सामाग्रीहरू दिएर मतदान केन्द्रमा पठाइएको निर्वाचन कार्यालयका सूचना अधिकारी गजेन्द्रप्रकाश थारुले जानकारी दिनु भयो । प्रतिनिधिसभाका लागि दुई ओटा निर्वाचन क्षेत्र रहेको यस जिल्लाका १ सय ३ मतदान केन्द्रमा २ हजार ४ सय ८९ जना कर्मचारीहरू परिचालन गरिएको सूचना अधिकारी थारुले जानकारी दिनु भयो । मतदान केन्द्र निर्माणसँगै मतदान प्रक्रिया सुनिश्चितता र मतपेटिका ल्याउनेसम्मको व्यवस्थापन गरिएको

छ । मतदान केन्द्रलाई सुरक्षा संवेदनशीलताको वर्गीकरण गरेर सुरक्षा व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी रामप्रसाद पाण्डेले बताउनु भयो ।
प्रतिनिधिसभा सदस्य पदका लागि निर्वाचन क्षेत्र नम्बर १ मा ८२ हजार ६ सय मतदाता रहेका छन् भने क्षेत्र नम्बर २ मा ७९ हजार ६ सय २१ मतदाता रहेका छन् । प्रतिनिधिसभा सदस्य पदका लागि जिल्लामा तीन स्वतन्त्र उम्मेदवार सहित १० जना र प्रदेशसभा सदस्य पदका लागि एक स्वतन्त्र उम्मेदवार सहित १० जना प्रतिस्पर्धामा रहनु भएको छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्रसिंह कार्की**काअुनसार प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको सुरक्षाका लागि भारतसँग जोडिएका लाली, बाकु, जोलजीवी, दत्तु, पुलघाट खलंगा, तिग्रम, बडूगाउँ, मलघट्टे र सितापुल नाका मङ्सिर १ गते १२ बजे रातिदेखि चुनावको मध्यरातसम्म सुरक्षा व्यवस्थालाई लक्षित गर्दै ७२ घण्टाका लागि सील गरिने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी हेमन्ती साउदले बताउनु भयो । दुवै देशका अधिकारीबीचको समन्वयमा शान्तिपूण र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्न सीमा नाका बन्द गर्ने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी साउदले बताउनु भयो । जिल्लामा प्रतिनिधिसभामा विभिन्न दलका नौ जना उम्मेदवार र प्रदेशसभा सदस्य पदका लागि एक स्वतन्त्र उम्मेदवार सहित नौ जना उम्मेदवार प्रतिस्पर्धामा रहनु भएको छ ।

मतदान सामाग्रीसहित मतदान अधिकृत, सहायक मतदान अधिकृत र कर्मचारी गाउँ आआफ्नो मतदान केन्द्रमा जान थालेका र मङ्सिर १ गतेभित्र जिल्लाका १ सय १२ ओटा मतदानस्थल र १ सय ४१ मतदान केन्द्रमा निर्वाचन सामाग्री सहित मतदान अधिकृत र सहायक मतदान अधिकृत पुगिसक्ने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । महाकाली नगरपालि बाहेकका अन्य क्षेत्रका कर्मचारी फिल्डमा गइसकेको मुख्य निर्वाचन अधिकृत खेमराज भट्टले बताउनु भयो । जिल्लामा सुरक्षाको दृष्टिकोणले १४ मतदानस्थल अतिसंवेदनशील, २३ ओटा संवेदनशील र ७५ ओटा सामान्य सूचीमा राखिएको र सुरक्षा संवेदनशीलतालाई ध्यान दिएर जिल्लाभरी चार ओटै सुरक्षा निकायका २ हजार बढी सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले बताउनु भयो । साथै, मोवाइल गस्तीको रुपमा सशस्त्र प्रहरी र नेपाली सेना खटिने व्यवस्था गरिएको प्रमुख जिल्ला अधिकारी उपाध्यायले बताउनु भयो ।

मतदानको दिन नजिक भएसँगै राजनीतिक दलहरूले आचारसंहिता उल्लङ्घनका गतिविधिहरूमा बढवा दिएको पाइएको छ । इन्सेक पर्यवेक्षकहरूकाअनुसार राजनीतिक दलहरूले सार्वजनिक स्थानमा व्यानर, तुल लगाएर झकी झकाउ पारेका छन् । अनुगमन समितिले अहिलेसम्म आचारसंहिता विपरीत सार्वजनिक ठाउँमा लगाइएका व्यानर तुल पोष्टर हटाउन दलहरूलाई निर्देशन दिएको छैन । यस्तै राजनीतिक दलहरूले गाडीहरूमा ठूला स्पीकर प्रयोग गरेर चुनावी गीत घन्काएका छन् । जिल्लाका नौ ओटै स्थानीय तहमा परिचालित इन्सेकका पर्यवेक्षकहरूले सबै ठाउँका स्थानीय तहका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरू खुला रुपमा चुनावी प्रचारप्रसारमा खटिएको बताउनु भएको छ ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि सत्यराजबहादुर सिंह**का अनुसार निर्वाचन सामग्री बुझेर कर्मचारीहरू सम्बन्धित मतदान केन्द्रमा खटिएका छन् । जिल्लाका १ सय ८४ मतदान केन्द्रमा २ हजार २८ जना कर्मचारी निर्वाचन सामग्रीसहित खटिएका हुन् । सदरमुकाम चैनपुरबाट दुर्गममा पर्ने साइपाल गाउँपालिकामा कात्तिक २६ गते खटिएका कर्मचारी मतदानस्थल र मतदान केन्द्रममा पुगिसकेका र अन्य स्थानीय तहमा जाने कर्मचारीहरू पनि निर्वाचन सामग्री बुझेर जाने क्रम जारी रहेको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी भक्त दमाईले बताउनु भयो ।
मतपेटिका, मतदान पत्र, स्वस्तिक छाप लगायत सामाग्री सहित मतदात अधिकृतको नेतृत्वमा सुरक्षाकर्मी सहित कर्मचारी सम्बन्धित मतदान केन्द्रमा खटाइएको निर्वाचन कार्यालयले जनाएको छ । जिल्लाभरी निर्वाचनका लागि २ हजार २८ जना जनशक्ति परिचालन गरिएको छ । निर्वाचन सामाग्री बुझेपछि सुरक्षा

निकायको निगरानीमा कर्मचारीलाई सम्बन्धित मतदान केन्द्रसम्म लैजाने व्यवस्था मिलाइएको मुख्य निर्वाचन अधिकृत नन्दकिशोरप्रसाद यादवले बताउनु भयो । मतदानस्थलको सुरक्षा तथा मतदातालाई सुरक्षित र भयरहित वातावरणमा मतदान गर्ने वातावरण बनाउन पर्याप्त मात्रामा सुरक्षा व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले बताउनु भयो ।

**डडेल्धुरा जिल्ला प्रतिनिधि भुपेन्द्र बिष्टका अनुसार** आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा जिल्लामा बाम लोकतान्त्रिक गठबन्धनले चुनावीसभामा बालबालिकाको प्रयोग गरेको पाइएको छ । कात्तिक २९ गते बाम लोकतान्त्रिक गठबन्धनले परशुराम नगरपालिकामा आयोजना गरेको आमसभामा विद्यार्थीहरूको प्रयोग गरेको पाइएको हो । मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले विद्यार्थीहरूलाई कुनै पनि राजनीतिक दलहरूले आफ्नो चुनावी आमसभामा प्रयोग गर्न नपाउने भएकाले यस विषयमा उम्मेदवारहरूलाई बुझी छानबिन गरिने बताउनु भयो ।

निर्वाचन आयोगले स्थानीय तहका निर्वाचित जनप्रतिनिधिलाई निर्वाचनको प्रचारप्रसार तथा मत माग्न नपाइने भनेर आचारसंहिता जारी गरेको भए पनि आलिताल गाउँपालिकाका जनप्रतिनिधिहरूले उम्मेदवारका पक्षमा मत मागिरहेको अनुगमनका क्रममा पाइएको छ । नेकपा माओवादी केन्द्रबाट आलिताल गाउँपालिकाको प्रमुखमा निर्वाचित शेरसिंह पार्कीले आफ्ना दलीय उम्मेदवारका लागि मत मागिरहेको अनुगमनका क्रममा पाइएको हो । कात्तिक २९ गते उहाँहरू प्रदेशसभा ‘क’ निर्वाचन क्षेत्रमा माओवादी केन्द्रका उम्मेदवार खगराज भट्टसँगै आलितालका मतदातासँग मत माग्न पुग्नु भएको थियो । यसैगरी आलिताल गाउँपालिकाका प्रमुख पार्कीले आफू मत माग्न नभई पार्टीका सुदूरपश्चिम प्रदेश इन्चार्ज भट्टलाई भेट्न गएको बताउनु भएको छ । सबै राजनीतिक दलका उम्मेदवारहरूले प्रचारप्रसार गर्दा ठुलो ध्वनीमा माइकिङ्ग गर्ने र सर्वसाधारणहरूलाई रङ्गिन कार्डहरू वितरण गर्ने गरेको पाइएको छ । आचारसंहिताको जनप्रतिनिधिहरूले पालन गर्न आवश्यक भएको र उजुरी आएको खण्डमा छानबिन गरिने मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले बताउनु भयो ।

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौँ
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, inseconline@insec.org.np
वेबसाइटः www.insec.org.np, www.inseconline.org